आज मिति २०८३ साल साउन १३ गते बुधबार बिहान ११ बजे बरेङ गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको ११७ औ र आर्थिक वर्ष २०८३।०८४ को १ औ बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

तपसिलः

| क्र.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद शर्मा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री दिलिप कुमार पुन | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री तुफान पुन | गाउँपालिका प्रवक्ता | |
| ४ | श्री नरसेङ पुन | गाउँकार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री हिरा बहादुर घर्ती | गाउँकार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री सेर बहादुर खनाल क्षेत्री | गाउँकार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री किसन बहादुर खत्री | गाउँकार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री अमर बहादुर सेरबुजा | गाउँकार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री चन्द्रकला केसी थापा | गाउँकार्यपालिका सदस्य | |
| १० | श्री जमुना बिटालु | गाउँकार्यपालिका सदस्य | जमुना |
| ११ | श्री काशिराम वि.क | गाउँकार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी बस्याल | गाउँकार्यपालिका सदस्य | |
| १३ | श्री चन्द्रकला खत्री | गाउँकार्यपालिका सदस्य | |
| १४ | श्री पवित्रा पुन | गाउँकार्यपालिका सदस्य | |
| १५ | श्री बद्री नाथ पोखरेल | गाउँकार्यपालिका सचिव | |

अन्य उपस्थितिः

१६. केशबराज क्षेत्री सूचना अधिकारी

१७. सुमन गौतम फिल्ड सहायक

१८. कमल न्यौपाने लेखा अधिकृत

१९. रामकृष्ण पौडेल इन्जिनियर

२०. संगिता शर्मा सहायक लेखा अधिकृत

२१. कृष्ण प्रसाद रिजाल जिन्सी शाखा प्रमुख

निर्णय नं. १

प्रस्ताव नं. माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतले पेस गर्नु भएको वार्षिक प्रतिवेदन अनुमोदन गर्नको साथै बरेङ गाउँपालिका विभन्न शाखा वा मातहातका कार्यलयबाट आ.व २०८२/८३ सम्पादित कार्यहरुको समीक्षा गर्न वार्षिक समीक्षा कार्यक्रम मिति २०८३ साउन  गते बरेङ गाउँपालिकाको सभाहलमा गर्ने।

निर्णय नं. २

आर्थिक वर्ष २०८३।०८४ का लागि तपसिल बमोजिम गाउँपालिका स्तरीय, वडास्तरीय तथा शाखागत योजना तथा कार्यक्रम कार्यान्वयन तालिका स्वीकृत गर्ने ।

तपसिलः

| आ.व २०८३।०८४ का लागि योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका | | | | |
|---|---|---|---|---|
| क.सं | क्रियाकलाप | कार्यान्वयन अवधि | जिम्मेवार निकाय\व्यक्ति | कैफियत |
| १ | योजना कार्यान्वयन विधि निर्धारण गर्ने | भाद्र १५ गते भित्र | वडा समिति र गाउँ कार्यपालिका | |
| २ | उपभोक्ता समिति गठन | भाद्र मसान्तभित्र | वडा समिति तथा योजना शाखा प्राविधिक | |
| २ | उपभोक्ता समिति अभिमूखीकरण | मंसिर मसान्तभित्र | योजना शाखा, प्राविधिक\लेखा शाखा | |
| ३ | योजना सर्वे तथा नापजाँच र सम्झौता | पुष मसान्तभित्र | प्राविधिक शाखा/ योजना शाखा/ प्र.प्र.अ. | |
| ४ | योजना कार्यान्वयन | चैत्र मसान्तभित्र | वडा समिति/ गाउँ कार्यपालिका कार्यालय, आर्थिक प्रशासन शाखा र सम्बन्धित उ.भो.स | |
| ६ | योजना अनुगमन तथा मूल्याङ्कन | योजना सञ्चालन अवधिभर | वडा तथा गाउँपालिका अनुगमन समिति | |
| ७ | योजना फरफारक र भुक्तानी | चैत्र मसान्त भित्र | योजना \प्राविधिक\लेखा शाखा\ गाउँ कार्यपालिका | |

| | | | | |
|---|---|---|---|---|
| ८ | विषयगत शाखाका कार्यक्रमहरु | सम्बन्धित शाखाबाट पेश भए बमोजिम | विषयगत समिति, शाखा प्रमुख र सम्बन्धित कर्मचारी | प्र.प्र.अ ले स्वीकृत गर्ने |
| ९ | टेण्डर मार्फत सञ्चालन गरिने योजनाहरुको सम्बन्धमा भाद्र मसान्त भित्र ठेक्का सूचना प्रकाशन गरी कार्तिक पहिलो हप्ता भित्र सबै टेण्डर प्रक्रिया सकाई कार्यान्वयन प्रक्रिया शुरु गर्ने । | | | |

**निर्णय नं. ३**

सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८ मा भएको व्यवस्था अनुसार आर्थिक वर्षको २०८२।०४।०१ देखि २०८३।३।३२ सम्मको अवधिमा गाउँपालिकाबाट सम्पादित कार्यहरुको सम्बन्धमा नागरिकलाई जानकारी गराउने, नागरिकका गुनासा, सुझाव र जिज्ञासा सुन्ने तथा त्यसको जवाफ दिने उद्देश्यले मिति २०८३।०४।२७ गते बरेङ गाउँपालिका हुग्दिशिरमा सार्वजनिक सुनुवाई गर्ने।

**निर्णय नं. ४**

नेपाल सरकारले जारी गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२को दफा ५ को उपदफा (३) बमिजिम बरेङ गाउँपालिकाको कार्यालय तथा अनतर्गत निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नको लागि पूर्व स्वीकृति दिने। साथै उक्त कार्यको लागि मापदण्डको दफा ७ उपदफा (१) इ बमोजिमको सर्वेक्षण समिति गठन गर्ने।

**निर्णय नं. ५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष २०८३।०८४ को लागि गाउँपालिका क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट सम्बन्धमा दर (रेट) निर्धारण समिति बागलुङद्वारा आ.व २०८३।०८४ का लागि निर्धारित जिल्ला दर (रेट) लाई स्थानीय दर (रेट) का रुपमा स्वीकृत गरी लागू गर्ने ।

**निर्णय नं. ६**

यस गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको सामाजिक सुरक्षा सुनिश्चित गर्न करार सेवामा कार्यरत कर्मचारीको लागि सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने कार्यविधि-२०८३ स्वीकृत गर्ने।